अर्धवार्षिक समाचारपत्र, वर्ष २, अंक १, कात्तिक २०६३

व्यापार र विकास

# व्यापारका लागि अनुदान

**अल्पविकसित मुलुकहरूले व्यापार उदारीकरणबाट लाभ हासिल गर्न आफ्नो प्रतिस्पर्धात्मक क्षमता तथा आपूर्तितर्फका आर्थिक पूर्वाधार, मानव संसाधनजस्ता कुराहरूको विकास गर्नुपर्ने भएकाले व्यापारका लागि अनुदान कार्यक्रमको सफल कार्यान्वयन हुन आवश्यक छ।**

आर्थिक विकासका लागि व्यापार एक महत्त्वपूर्ण माध्यम हो भन्ने मान्यताको आधारमा विश्वस्तरमा व्यापार उदारीकरणको लहर शुरु भएको हो। वास्तवमा व्यापार उदारीकरणले विकसित तथा अल्पविकसित सबै तहका राष्ट्रहरूका लागि अवसरहरूको ढोका खोलिदिन्छ। खुला अर्थतन्त्रका कारण बजारका साथै नयाँ प्रविधिमा पनि पहुँच बढ्दछ र यसले व्यापार बढाउन सहयोग पुर्‍याउँदछ भन्ने विश्वास गरिन्छ। तर यो यथार्थमा परिणत हुन त्यति सहज छैन। व्यापारबाट फाइदा लिनका लागि सबै राष्ट्रहरूको समान क्षमता छैन। त्यसैले खुला अर्थतन्त्रले कतिपय राष्ट्रहरूमा नकारात्मक असर पनि पर्न सक्दछ। विभिन्न अध्ययनको आँकडा हेर्ने हो भने उदारीकरण पश्चात् अल्पविकसित राष्ट्रहरूबाट विकसित देशहरूमा हुने आयातमा पनि कमी आएको देखिएको छ। यी राष्ट्रहरूले खुला व्यापारको नीति अवलम्बन गर्नुको बाबजुद निस्केको यस्तो नतिजालाई विडम्बना नै मान्नुपर्छ।

खुला व्यापारले अनेकौं अवसरको ढोका खोलिदिए पनि सबै राष्ट्रहरू यसबाट समानरूपले लाभ हासिल गर्न सक्षम छैनन्। त्यसका लागि उनीहरूको प्रतिस्पर्धात्मक क्षमता तथा आपूर्तितर्फका आर्थिक पूर्वाधार, मानव संसाधनजस्ता कुराहरूको विकास गर्न आवश्यक छ। फेरि यसका लागि जुन स्रोत र साधनको आवश्यकता पर्छ, त्यो पुर्‍याउन यी राष्ट्रहरूसँग उपलब्ध साधन र स्रोतले मात्र सम्भव छैन। यही आवश्यकतालाई ध्यानमा राखेर, अल्पविकसित देशहरूका व्यापारसम्बन्धी विविध समस्या समाधान गर्ने हेतुले तथा वैदेशिक सहायताद्वारा यी राष्ट्रहरूको व्यापार बढाउन अन्य राष्ट्रहरूले अहम् भूमिका निर्वाह गर्नसक्ने तथ्य महसुस गरी विश्व व्यापार संगठनको छैटौं मन्त्रिस्तरीय बैठकमार्फत् विश्वका १४८ राष्ट्रहरूको सहमतिमा व्यापारका लागि अनुदान दिने (Aid for Trade) निर्णय गरियो।



आर्थिक तथा सामाजिक विकासका लागि सहयोग दिनु कुनै नयाँ कुरा होइन। तर यस्ता सहयोगहरूले विकासका पक्षलाई भन्दा राजनीतिक पक्षलाई बढी समेटेको पाइन्छ। त्यस्तै यस्ता सहयोग सम्बन्धित मुलुकको आवश्यकताको पूर्ण अध्ययनबिना नै दिइने, दाताले आफ्ना शर्तहरू थोपर्ने आदि कारणले अहिलेसम्मका अनुदान त्यति प्रभावकारी भएको पाइँदैन। त्यसैले व्यापारका लागि दिइने अनुदानमा यस्ता कमी-कमजोरीलाई हटाउने प्रयास गरिनुपर्दछ। व्यापार उदारीकरणका फाइदा समानरूपले वितरण होस् भनेर शुरु गरिएको यो कार्यक्रममा तल उल्लेखित कुराहरू समावेश भएको हुनुपर्दछ।

**प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि:** अल्पविकसित देशहरू विज्ञान र प्रविधिको क्षेत्रमा निकै पछाडि परेकाले यस्ता देशहरूलाई आधुनिक प्रविधि हस्तान्तरण गर्ने, सो प्रविधिका बारेमा ज्ञान भएका व्यक्तिहरूलाई त्यहाँ पठाएर सहयोग गर्ने, त्यस्तै सरोकारवाला व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्ने खालका पक्षहरूमा जोड दिने।

**संस्थागत सुधार:** अल्पविकसित देशहरूका व्यापारसँग सम्बन्धित संस्थाहरूमा सहयोग गरी संस्थागत सुधार गर्ने।

**आपूर्तितर्फका बाधाहरू हटाउने र भौतिक पूर्वाधार निर्माण गर्ने:** अल्पविकसित देशहरूले भौतिक पूर्वाधार तथा आपूर्तितर्फका पक्षले गर्दा बजार पहुँचको फाइदा उठाउन सकेका छैनन्, त्यसैले यी पक्षमा सहयोग गर्ने।

**समायोजन लागतका लागि सहयोग:** व्यापार उदारीकरण र विश्व व्यापार संगठनका कारण अल्पविकसित राष्ट्रहरूले ऐन-कानून लगायत धेरै क्षेत्रमा परिवर्तन र सोही अनुरूप समायोजन गर्नुपर्ने हुन्छ। यसका लागि आवश्यक सहयोग गर्ने।

व्यापारका लागि अनुदानको प्रभावकारिता सुनिश्चित गर्न थप केही कुरामा ध्यान दिनुपर्ने हुन्छ। जस्तै, यसको आकार, कार्यविधि आदिबारे बृहत् छलफल हुनु आवश्यक छ। यसको स्थायित्वका बारे पनि अल्पविकसित राष्ट्रहरूले जोड दिँदै आएका छन्। तर अनुदान लिएर मात्र अल्पविकसित राष्ट्रहरूको समस्या समाधान हुँदैन। यी राष्ट्रहरूले क्षमता अभिवृद्धिका लागि पनि प्राथमिकताका क्षेत्रहरू पहिचान गर्नु आवश्यक हुन्छ। त्यस्तै विकसित राष्ट्रहरूबाट प्राप्त अनुदानको अधिकतम उपयोग गर्नु पनि ती राष्ट्रहरूको दायित्व हुनजान्छ। त्यस्तै विकसित राष्ट्रहरूले पनि सकभर अल्पविकसित राष्ट्रहरूको ऋणको भार नबढ्ने गरी अनुदान दिनु आवश्यक छ। अनि मात्र व्यापारका लागि अनुदान कार्यक्रम सहयोगी र सफल हुनेछ। ■

## यसभित्र


समाचार सार २–३
विश्व व्यापार संगठन... ४–५
रेमिटेन्स् र नेपाली अर्थतन्त्र... ६
द्वन्द्व र अर्थतन्त्र... ७
संस्था गतिविधि ८

# नक्कली ब्राण्डमा लोक्ताको निर्यात

**एक** विदेशीले नेपालको मौलिक निर्यातयोग्य वस्तु लोक्ता नेपालबाट खरिद गरी विभिन्न मुलुकमा लामाली नामक नक्कली ब्राण्डबाट बिक्री-वितरण गर्दै आएको खुलासा भएको छ। फ्रेन्च नागरिक डेविडले सन् १९९८ देखि नेपाली कागजको कच्चा पदार्थ लोक्ता नेपालबाट खरीद गरी लामाली नामक ब्राण्ड राखेर जापान, फ्रान्सलगायत युरोप तथा अमेरिकामा बिक्री-वितरण गर्दै आएका छन्। डेविड नेपालबाट लोक्ता कागज खरिद गर्ने ठूला ग्राहक हुन्। उनले मात्र कूल निर्यातको ३० प्रतिशत लोक्ता खरिद गर्दै आएका छन्। यसबाट अहिले जापान, युरोप तथा अमेरिकामा नेपाली लोक्ताको सट्टा लामाली पेपर भन्ने शब्द प्रख्यात भएको छ।



गुगल, आस्क, एमएसएन र याहुजस्ता प्रमुख वेबसाइटमा नेपाल हातेकागज उद्योग संघले लामाली पेपर भनेको लोक्ता हो भनेर जानकारी राखिसकेको छ। तर यतिले मात्रै अवश्य पुग्दैन। यसरी नेपालको मौलिक वस्तु लोक्ताको विदेशमा लामाली पेपरको नाममा खरिद-बिक्री कार्य बढ्दै गएपछि विदेशमा ब्राण्ड दर्ता भई यसको प्राकृतिक नाम "लोक्ता" लोप हुने खतरा बढेको छ।

यसबारे लोक्ताका व्यवसायीले चिन्ता व्यक्त गर्दै सहयोगका लागि आग्रहसमेत गरेका छन्। समयमै लोक्ताको संरक्षण गर्न नसके विदेशीकै नाममा स्वदेशी उत्पादन अन्तर्राष्ट्रिय बजारमा गइरहने छ। नेपालमा उत्पादन भए पनि सोको प्रयोगवापत स्वदेशी उत्पादकले शुल्क तिर्नुपर्ने अवस्था आउनेछ।

नेपालको हिमाली क्षेत्रको ६ देखि ९ हजार फिटको उचाइमा पाइने लोक्ता वनस्पतिको नाम परिवर्तन गरी अर्कै ब्राण्ड खडा गरेर विदेशमा बिक्री भएपछि यस विषयमा छलफल गर्न संघले विशेष साधारणसभाको समेत आयोजना गरेको थियो। सभाले सो सम्बन्धमा छानबिन गरी नेपालको प्राकृतिक सम्पत्ति लोक्ताको आधिकारिक संरक्षण गर्न पाँच सदस्यीय समिति गठन गरेको छ। समितिले लोक्ताको पेटेन्ट राइट अन्य मुलुकले लिए-नलिएको बारेमा छानबिन गरी यसको आधिकारिकता जोगाउने र लोक्ताको ब्राण्ड दर्ता गराउनका लागि बेग्लै कार्यसमितिसमेत बनाउने निर्णय गरेका छन्। लोक्ताको ब्राण्ड जोगाउन आवश्यक पहल गरिदिन व्यवसायीले सरकारसँग पनि माग गरेका छन्। ■

*स्रोतः newsofnepal.com, २१ असार २०६३*

# नेपाली जुट उद्योग झनै रुग्ण बन्दैछ



**महँगो** बिजुली, अस्पष्ट सरकारी नीति र भारतले लगाएको करका कारण मुलुकको जुट उद्योग झन् रुग्ण बन्दै गएको छ। त्यसमाथि बढी ज्याला, कमजोर प्राविधिक पक्ष, पर्याप्त मात्रामा जुटखेती नहुनु, जुट उद्योगहरू सरकारी सुविधाबाट वञ्चित रहनु, जुट ब्याचिङ तेलको आयातमा ४० प्रतिशत अतिरिक्त कर लाग्नाले पनि वार्षिक ४ अर्बभन्दा बढीको कारोबार गर्ने नेपाली जुट उद्योगहरू दिनानुदिन रुग्ण बन्दै गएका छन्। अन्य मुलुकको तुलनामा नेपाली जुट उद्योगले खपत गर्ने विद्युतको मूल्य पनि उच्च छ। जुट उद्योगका लागि भारत र बंगलादेशमा प्रतियुनिट २ रूपैयाँदेखि २ रूपैयाँ ५० पैसा रहेको छ भने नेपालमा ४ रूपैयाँ ५० पैसा प्रतियुनिट पर्छ, जसले गर्दा नेपाली जुटले उनीहरूको उत्पादनसँग प्रतिस्पर्धा गर्न गाह्रो पर्ने गरेको छ। भारत र बंगलादेशबाट कच्चा पदार्थ आयात गरी उत्पादन पुनः भारततर्फ नै निकासी गर्नुपर्दा लाग्ने ढुवानीले पनि नेपाली उत्पादन महँगो हुने र त्यसमा पनि भारतले ४ प्रतिशत निर्यात कर लगाएपछि नेपाली उद्योगहरू झन् समस्यामा परेका हुन्। नेपालमा रहेका १० जुट उद्योगमध्ये विराटनगर जुट मिल, पाथिभारा जुट उद्योग र निकी जुट मिल बन्द भइसकेका छन्।

नेपाली जुट उद्योगहरूले वार्षिक ४ अर्ब रूपैयाँको कारोबार गर्ने गरेका छन्। वर्षेनि ८० हजार मेट्रिक टन जुट तथा जुटबाट निर्मित वस्तुहरू नेपालबाट भारततर्फ निकासी हुने गरेका छन्। त्यसबाहेक युरोपमा समेत नेपाली जुटका सामान निर्यात गर्ने गरिन्छ। मोरङ, सुनसरी, झापा र सप्तरीमा आर्थिक वर्ष ०६०/६१ मा जम्मा १६ हजार ८ सय ९० मेट्रिक टन जुट उत्पादन भएको थियो।

नेपालभित्रै भने जुट तथा जुट निर्मित सामग्रीहरूको खपत ज्यादै न्यून रहेको छ। जुट उद्योगहरूको उत्पादनको ५ प्रतिशत पनि स्वदेशमा खपत हुँदैन। नेपालमा जुटको बोरा, डोरी र सुतली मात्र निर्माण हुने गरेको छ। अरू नयाँ उत्पादन हुनसके स्वदेशमा पनि यसको खपत बढ्न सक्छ। जुट, कार्पेट, कागज, पर्दा, टेक्सटायल, धागो, कम्बल लगायतका वस्तुहरू निर्माण गर्न सकिन्छ। विश्व बजारमा तिनै उत्पादनको दिनहुँ माग बढिरहेको छ। ■

*स्रोतः hamrosamachar.com, १ असार २०६३*

# नेपाली कफीलाई अन्तर्राष्ट्रिय बजार

**गुल्मी** जिल्लामा उत्पादित कफीले यस वर्ष पनि राम्रो अन्तर्राष्ट्रिय बजार पाएको छ। रासायनिक मलको प्रयोग नगरीकन कफी उत्पादन हुनथालेपछि विदेशबाट यसको माग वृद्धि भएको कृषकहरूले बताएका छन्। कफीको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्न जिल्ला सहकारी संघ र एक जापानी संस्थाले सहयोग गर्दै आएका छन्।

जिल्लामा २०३० सालदेखि कफी खेती शुरु भएको थियो। शुरुका वर्षमा बजार अभावको पीडा भोग्दै आएका कृषकहरूले संघको पहलमा २०५३/५४ सालदेखि सामान्य बजार पाउनथालेका थिए। यस वर्षदेखि जापानको फेयर ट्रेडको सबैभन्दा ठूलो व्यापारिक कम्पनी "डाइ ची" ले नेपाली कफीलाई अन्तर्राष्ट्रिय बजार विस्तारमा सघाएपछि थप माग बढेको हो। शुरुका वर्षमा वार्षिक ४ टनका दरले जापान निर्यात हुनथालेको कफी गत वर्ष १३ टन निकासी भएको थियो। यस वर्ष २० टन निर्यात गर्ने तयारी भइरहेको छ। यस वर्ष 'ग्रीन बीन' (बोक्रा निकालिएको), चेरी कफीका साथै अदुवा, जिरा, धनियाँ, बेसार, खुर्सानी लगायतका मसलासमेत जापान निर्यात गर्ने तयारी भइरहेको छ। गत वर्ष 'ग्रीन बीन' र चेरी कफी निर्यातबाट कृषकहरूले लगभग ३६ लाख रूपैयाँभन्दा बढी आम्दानी गरेका थिए। यो वर्ष कफीबाट हुने आम्दानी अझै बढ्ने अनुमान गरिएको छ। यो वर्ष कफीको मूल्य



प्रतिकेजी २ सय ३७ निर्धारण गरिएको छ।

अन्तर्राष्ट्रिय बजारमा कफीको माग बढ्दै जान थाले पनि कफी खेतीका लागि प्राविधिक सल्लाह, सिंचाइ, ढुवानी लगायतको समस्याले आफूहरू मारमा परेको कृषकहरूको गुनासो छ। यस्ता क्षेत्रमा सहयोग पाए अझ बढी उत्पादन गर्न सकिने किसानहरू बताउँछन्। कृषि विकास कार्यालयले जिल्लाका १५ भन्दा बढी गाविसलाई कफी खेतीको पकेट क्षेत्र घोषणा गरेको छ भने ३३ गाविसमा कफी खेती विस्तार भएको छ। अहिले जिल्लाभरमा १ लाख ४३ हजार कफीका बिरुवा छन् भने १२ सय कृषक कफी खेतीमा लागेका छन्। ■

# नेपाली तयारी पोसाक निकासीमा ७ प्रतिशत गिरावट

**विदेशी** मुद्रा आर्जनको प्रमुख स्रोतका रूपमा रहेको तयारी पोसाक निकासीमा करीब दुई वर्षदेखि लगातार गिरावट आइरहेको छ। अमेरिकी निकासी तथा खरिदकर्ताहरूको मागमा आएका गिरावटका कारणले अगष्ट महिनामा तयारी पोसाक निकासी गत वर्षभन्दा ७ प्रतिशतले घटेको छ।



यसअघि जुन महिनामा भने २८ प्रतिशतले वृद्धि भएको थियो। तयारी पोसाक उद्योग संघका अनुसार जुनमा ५५ लाख ६४ हजार अमेरिकी डलर बराबरको तयारी पोसाक निकासी भएको थियो भने अगष्टमा २४ लाख ९० हजार अमेरिकी डलर बराबर मात्र निकासी भएको छ। अघिल्लो वर्ष यसै अवधिमा यो परिमाण २७ लाख अमेरिकी डलर थियो।

सन् २००४ देखि मल्टी फाइबर सम्झौता खारेज भई अन्तर्राष्ट्रिय कपडा व्यापार कोटारहित भएपछि नेपालको तयारी पोसाक उद्योगमा नकारात्मक प्रभाव परेको हो।

कूल निर्यातको ८० प्रतिशत बजार अमेरिकाले ओगटेको छ। मल्टी फाइबर सम्झौता खारेजीपछि कपडा व्यापार कोटारहित भएयता प्रत्येक महिना तयारी पोसाकको निकासी घटिरहेको छ।

२००६ को शुरुमा निकासी घटे पनि फेब्रुअरीमा सुधार देखिएको थियो। त्यसपछि मार्च र अप्रिलमा घटेर मे महिनादेखि फेरि बढ्न थालेको थियो।

यस वर्ष पहिलो ८ महिनाको निकासीलाई अघिल्लो वर्षको त्यसै अवधिसँग तुलना गर्दा करीब १ प्रतिशत घटेको देखिन्छ।

यस वर्ष उक्त अवधिमा ३ करोड ८६ लाख डलरका तयारी पोसाक निकासी भएको संघले जनाएको छ। पाँच वर्षअघिको निकासीसँग तुलना गर्ने हो भने ६५ प्रतिशत घटेको देखिन्छ।

कोटा खारेजीपछि बढी प्रभावित हुने मुलुकको सूचीमा नेपाल पनि पर्छ। अध्ययन अनुसार मल्टी फाइबर सम्झौता खारेजीले नेपाल अल्पकाल र मध्यकाल दुवै अवस्थामा घाटामा रहनेछ। नेपाली पोसाकको प्रतिस्पर्धात्मक क्षमता बढ्न नसकेको कारण नै कोटा खारेजीले गर्दा निकासी प्रभावित भएको हो। व्यवसायीका अनुसार नेपालको तुलनामा चिनियाँ उत्पादन सस्तो भएकाले आयातकर्ताको पहिलो रोजाइ चीन हुने गर्दछ। पुरानो व्यावसायिक सम्बन्ध भएका आयातकर्ताले मात्र यहाँ अर्डर गरिरहेका छन्।

यसको प्रत्यक्ष प्रभाव यहाँको रोजगारीमा समेत परिरहेको छ। प्रत्यक्ष रूपमा ५० हजारले रोजगारी पाउँदै आएको यो उद्योगबाट अहिले व्यवसायी र कामदार दुवै विस्थापित हुने क्रम बढिरहेको छ। निकासी पुनर्स्थापना गर्न नसके ठूलो लगानी भएको यो उद्योग धरासायी हुने चिन्ता व्यवसायीहरूले गरेका छन्। यो उद्योगमा ४ देखि ६ अर्ब रूपैया लगानी भएको दावी व्यवसायीले गर्दै आएका छन्। यो उद्योग पुनर्स्थापना गराउन सरकारले पहल गर्नुपर्ने माग उनीहरूको छ।

अमेरिकी संसदमा विचाराधीन भन्सार छूटसम्बन्धी विधेयक पारित गराउन पहल गर्न पनि सरकारसमक्ष उनीहरूले आग्रह गरेका छन्।

अमेरिकाले नेपाललगायत १४ अतिकम विकसित मुलुकका तयारी पोसाकलाई भन्साररहित प्रवेश सुविधा दिन छुट्टै विधेयक प्रस्ताव गरेको छ। तर यस विधेयक अहिलेसम्म कुनै निर्णय भने भएको छैन। सो प्रस्ताव कुनै निष्कर्षमा पुगेमा यो उद्योग पूर्वावस्थामा फर्कने आशा व्यवसायीहरूले गरेका छन्। ■

*स्रोत: कान्तिपुर दैनिक, २२ भदौ २०६३*

# सार्क व्यापारमा गैर–भन्सार अवरोध बाधक

**व्यापारबाट** मात्र विकास सम्भव हुन्छ। यसैले संसारका गरिब जनसङ्ख्यामध्ये आधा बसोबास गर्ने दक्षिण एसियालाई बृहत् आर्थिक क्षेत्रका रूपमा विकास गर्न अवरोधरहित व्यापारको आवश्यकतामा सबैले जोड दिएका छन्।

तर व्यापारमा पनि विभिन्न अवरोधहरू नभएका होइनन्। त्यसैले सार्क चेम्बरजस्ता संस्थाले गैरभन्सार अवरोध हटाउन पहल गरेर महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। विश्व व्यापार संगठन (World Trade Organisation, WTO) ले खुला गरेको अपार अवसरबाट लाभ लिन क्षेत्रीय व्यापारिक संगठनको भूमिका महत्त्वपूर्ण रहे पनि सार्क भने यसमा पछि परेको र सार्क मुलुकहरूबीचको स्वतन्त्र व्यापारका लागि गैरभन्सार अवरोध ठूलो बाधक बनेका कार्यक्रमका सहभागीहरूले बताए। सार्क मुलुकबीचको व्यापार कूल व्यापारको तुलनामा ४ दशमलव ४ प्रतिशत मात्र छ। युरोपमा यो हिस्सा ६५ प्रतिशत छ भने आसियान मुलुकको आन्तरिक व्यापार २२ प्रतिशत रहेको छ।

सार्कका सदस्य राष्ट्रको उच्च आर्थिक सम्भाव्यताबाट लाभ लिन निकै ढिलो भएको अनुभव कतिपय क्षेत्रका विशेषज्ञहरू बताउँछन्। विभिन्न मुलुकको सम्बन्ध आर्थिक लाभका आधारमा तय हुँदै गएकाले र सामूहिक लाभका लागि गरिब मुलुक पनि संगठित हुनुको विकल्प छैन। साफ्टा कार्यान्वयन शुरु भएकाले यसमा केही सहजता शुरु भए पनि क्षेत्रीय व्यापारबाट लाभ हासिल गर्न लगानी र पूँजी प्रवाहजस्ता मुद्दामा विशेष ध्यान दिनुपर्नेछ।

सार्क विज्ञ समूहको (सिओई) बैठकले गैरभन्सार अवरोध हटाउने विषयमा सुझाव दिनका लागि अख्तियारी पाएको हुनाले उनीहरू यसतर्फ कोशिस गर्दैछन्। वर्षौंदेखि चलिरहेको सात वटा सदस्य राष्ट्रहरूबीचको वार्तापछि साफ्टाको व्यापार उदारीकरणको विषय अहिले तीव्ररूपमा बढेको छ। यसको सफल कार्यान्वयन दक्षिण एसियाली आर्थिक संघको गठनमा कोशेढुङ्गा सावित हुने कुरामा सबै विश्वस्त छन्। सार्क चेम्बरले सन् २००८ भित्र संघ गठन गर्ने लक्ष्य लिएको थियो। ■

*स्रोत कान्तिपुर दैनिक, २१ असार २०६३*

# अतिरिक्त भन्सार छूट दिन सूची माग

**भारतले** केही नेपाली उत्पादनको प्रवेशमा चार प्रतिशत अतिरिक्त भन्सार शुल्क हटाएलगत्तै थप वस्तुलाई यो सुविधा दिन नेपालसँग विस्तृत सूची मागेको छ। भारतले फागुन १७, २०६२ देखि आयातीत वस्तुमा चार प्रतिशत अतिरिक्त महसुल लगाएको थियो। यो महसुल द्विपक्षीय बाणिज्य सन्धिको मर्म विपरीत भएको जिकिर गर्दै नेपालले यसलाई हटाउन माग गरेको थियो। हाले भारतले केही वस्तुको अतिरिक्त महसुल हटाएको छ।

भारतीय निर्णयले नेपालबाट भारत भित्रिने जुट, स्टिल, प्लास्टिक, घ्यू, तेल, चाउचाउ लगायत ५८ वस्तु मात्र अतिरिक्त भन्सारबाट मुक्त भएका छन्। तर अझै पनि थुप्रै नेपाली वस्तुहरू भारत प्रवेश गर्दा ४ प्रतिशत शुल्क तिर्नुपरेकोले लागत महँगो पर्ने गरेको छ। सन्धिले नकारात्मक सूचीमा रहेका तीन वस्तुबाहेक नेपालबाट निकासी हुने सम्पूर्ण वस्तुलाई भन्साररहित प्रवेश सुविधा दिने व्यवस्था गरेको छ। मदिरा, चुरोट र अत्तर नकारात्मक सूचीमा परेका छन्। नेपाली वस्तुलाई भारतीय उत्पादन सरह व्यवहार गर्ने पनि सन्धिमा उल्लेख छ। भारतसँगको व्यापार घाटा बढ्दै गएको बेला निर्यात सम्भावना भएका सीमित वस्तुमा पनि पटकपटक अवरोध खडा हुनु मुलुकका लागि चुनौती बनेको विज्ञहरूको धारणा छ। नेपालको वैदेशिक व्यापारमा भारतको हिस्सा हाल ६६ प्रतिशत रहेको छ। ■

*स्रोत: कान्तिपुर दैनिक, २६ साउन २०६३*

# प्राविधिक एवं गुणस्तरसम्बन्धी मापदण्ड

**SPS र TBT सम्झौताबमोजिम प्राविधिक तथा गुणस्तर मापदण्ड निर्धारण र कार्यान्वयन गर्ने क्रममा नेपालले प्रशस्त चुनौतीहरूको सामना गर्नुपर्ने देखिन्छ ।**

■ निरज श्रेष्ठ

**कुनै** पनि राष्ट्रले विदेशबाट वस्तुहरू आयात गर्ने क्रममा त्यसबाट सो राष्ट्रका मानव, पशु-पंक्षी, वनस्पति आदिको स्वास्थ्यमा, देशको सुरक्षामा वा देशको प्राकृतिक स्रोत एवं वातावरणमा नकारात्मक असर पर्न नदिन विभिन्न गुणस्तरसम्बन्धी मापदण्डहरू लागू गरेका हुन्छन् । विश्वमा हाल बढ्दै गएका नयाँ प्रकारका पशु-पंक्षी, खाद्य-पदार्थ, किटाणु आदि मार्फत् फैलने सार्स (SARS), म्याड काउ डिजिज (Mad Cow Disease) र बर्ड फ्ल्यू (Bird Flu) जस्ता डरलाग्दा सङ्क्रामक रोगहरू तथा जैविक आतङ्कवाद (Bio-terrorism) को खतराले विश्वका अधिकांश राष्ट्रहरूले यस्ता मापदण्डहरू लागू गर्दै आएका छन् । कतिपय विकसित राष्ट्रहरूले बदनियतपूर्ण तरिकाले विकासोन्मुख राष्ट्रहरूबाट हुने आयातलाई रोक्ने किसिमका गैर-भन्सार अवरोधहरू सिर्जना गर्न प्राविधिक एवं गुणस्तरसम्बन्धी मापदण्ड लगाइएको पनि पाइएको छ ।

बहुपक्षीय व्यापार प्रणालीमा यसरी गुणस्तर एवं मापदण्डको आडमा गैर-भन्सार अवरोधहरू सिर्जना हुन नदिन व्यापार तथा भन्सारसम्बन्धी साधारण सम्झौतासँग (General Agreement on Tariffs and Trade, GATT) आवद्ध राष्ट्रहरूले उरुग्वे राउण्डको वार्तामार्फत् १ जनवरी १९९५ मा विश्व व्यापार संगठन (World Trade Organisation, WTO) को गठनसँगै दुई बेग्ला-बेग्लै प्राविधिक एवं गुणस्तरसम्बन्धी मापदण्डसँग सम्बन्धित सम्झौताहरूलाई कार्यान्वयनमा ल्याए । प्राविधिक तथा गुणस्तर मापदण्डसम्बन्धी दुई सम्झौतामा- मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता (Agreement on the Application of Sanitary and Phytosanitary Measures, SPS) र व्यापारमा प्राविधिक अवरोधहरूसम्बन्धी सम्झौता (Agreement on Technical Barriers to Trade, TBT) रहेका छन् ।

GATT को धारा २० (Annex XX) अन्तर्गत रहेका यी सम्झौताहरूले सम्पूर्ण WTO का सदस्यहरूलाई वस्तु आयातको क्रममा सोबाट मानव, पशु-पंक्षी, वनस्पतिको स्वास्थ्य वा देशको सुरक्षा एवं वातावरणमा नकारात्मक प्रभाव पर्न नदिनका लागि सदस्य राष्ट्रहरूले कदम चाल्नका लागि विभिन्न प्रावधानहरू राखिएका छन् । अरू सम्झौताहरू जस्तै यस सम्झौतामा पनि सदस्य राष्ट्रहरूले अन्य सदस्य राष्ट्रहरूसँग भेदभावरहित व्यवहार (अति सौविध्यपूर्ण राष्ट्रको व्यवहार र राष्ट्रिय व्यवहार) तथा पारदर्शिताको सिद्धान्त अनुसरण गर्नुपर्दछ ।

## मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता (SPS Agreement)

SPS सम्झौता अन्तर्गत अन्तर्राष्ट्रिय व्यापारको क्रममा कुनै सदस्य राष्ट्रले विदेशबाट आयात हुने खाद्य सामग्रीको गुणस्तर निर्धारण गरी खाद्यान्न वा वनस्पतिबाट फैलनसक्ने रोगहरूबाट, पशु-पंक्षी तथा वनस्पतिमा लाग्नसक्ने किटाणु तथा रोगबाट र मानव, पशु एवं वनस्पति स्वास्थ्य रक्षाका निमित्त विभिन्न कदमहरू चाल्न सक्दछ । विदेशबाट आयातित वस्तुमा उल्लेखित खतरा देखिएमा आयातमाथि प्रतिबन्ध समेत लगाउन सकिने व्यवस्था यस सम्झौतामा छ । तर कुनै पनि देशले यस्तो प्रतिबन्ध लगाउनुअघि सो आयातित वस्तुबाट मानव, पशु र वनस्पति स्वास्थ्यमा खतरा छ भनि वैज्ञानिक आधारमा पुष्टि गर्न अनिवार्य छ । अकस्मात रूपमा कुनै रोग फैलिएमा वा फैलिनसक्ने आपतकालीन अवस्था सिर्जना भएको खण्डमा भने स्पष्ट वैज्ञानिक आधारको अभावमा पनि आयातित वस्तु उपर प्रतिबन्ध लगाउन सकिने व्यवस्था यो सम्झौताले गरेको छ । उदाहरणका लागि हालै बर्ड फ्ल्यूका कारण नेपालले भारतबाट कुखुराको आयातमा रोक लगाएको प्रसङ्गलाई लिन सकिन्छ । SPS सम्झौताले वस्तुको उत्पादनको प्रक्रिया, परीक्षण, निरीक्षण, प्रमाणीकरण, रोग फैलन नदिन छुट्टयाउने व्यवस्था (क्वारेन्टाइन), पशु वा वनस्पतिको ढुवानी, जोखिम मूल्याङ्कन, तथ्याङ्क सङ्कलन, खाद्य वस्तुको प्याकिङ, लेवलिङ आदि सम्बन्धी नीति, नियम, कानूनहरूसँग प्रत्यक्ष सम्बन्ध राख्छ । WTO आफैले कानून निर्माण नगर्ने हुदाँ सबै सदस्यहरूलाई आफ्नो राष्ट्रिय आवश्यकता अनुसार कानून वा नियम बनाई मापदण्ड लागू गर्ने अधिकार दिएको छ । स्वदेशी कानून वा नियमहरू माथिल्लोस्तरको भएमा त्यसैलाई लागू गर्न सकिन्छ, त्यसै गरी जोखिम मूल्याङ्कनको आधारमा पनि माथिल्लोस्तरको मापदण्ड लागू गर्न सकिन्छ । तर यी सबैका निम्ति वैज्ञानिक आधार हुन भने जरुरी छ । देश अनुसारको छुट्टाछुट्टै कानून वा नीतिले गर्दा व्यापारमा कठिनाइ उत्पन्न हुनसक्ने कुरालाई ध्यानमा राखी WTO ले गुणस्तरीय मापदण्डमा एकरूपताका लागि सदस्य राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त गुणस्तर वा मापदण्ड प्रयोग गर्न सल्लाह दिएको छ । WTO स्वयंले यस्ता मापदण्डहरू निर्धारण नगर्ने हुँदा मापदण्ड निर्धारणमा एकरूपता कायम गर्न खाद्य सुरक्षाका लागि Codex Alimentarius Commission (CAC), पशु स्वास्थ्य रक्षाका लागि International Office of Epizootics (OIE) र वनस्पति सुरक्षाका लागि International Plant Protection Convention (IPPC) जस्ता अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गर्ने संस्थाहरूको सदस्यता लिन WTO ले सदस्य राष्ट्रहरूलाई प्रोत्साहन गरेको छ ।

विकासोन्मुख एवं अतिकम विकसित राष्ट्रहरूमा SPS सम्झौता लागू गर्ने स्रोत र क्षमताको अभावमा कार्यान्वयन गर्न कठिनाइ हुने हुँदा विकसित सदस्य राष्ट्रहरूलाई सहयोग गर्न आग्रह गरिएको छ । यसै क्रममा विकसित राष्ट्रहरूलाई प्राविधिक सहायताको लागि पनि अनुरोध गरिएको छ ।

## व्यापारमा प्राविधिक अवरोधसम्बन्धी सम्झौता (TBT Agreement)

TBT सम्झौता, आयातको क्रममा मापदण्डसम्बन्धी नियम, गुणस्तर, परीक्षण वा प्रमाणीकरणको आडमा गैर-भन्सार अवरोधहरू खडा गर्न नसकियोस भन्ने

**SPS र TBT अन्तर्गत परिमार्जन गर्नुपर्ने केही कानूनहरू**

| SPS अन्तर्गत | TBT अन्तर्गत |
|---|---|
| • खाद्य ऐन, २०२३<br>• बिरूवा संरक्षण ऐन, २०४५<br>• बीउबिजन ऐन, २०४५<br>• दाना पदार्थ ऐन, २०३३ | • नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७<br>• स्टाण्डर्ड नाप र तौल ऐन, २०२५<br>• औषधि ऐन, २०३५<br>• उपभोक्ता संरक्षण ऐन, २०५४ |

उद्देश्यका साथ कार्यान्वयनमा ल्याइएको हो। यस सम्झौताले वस्तुको प्याकेजिङ, लेबलिङ एवं मार्केटिङको नियमजस्ता कुराहरूलाई समेटेको छ। TBT सम्झौताले कुनै वस्तुमा अन्तर्राष्ट्रिय मापदण्ड तोकिएको भए त्यसलाई अनुसरण गर्ने तर सो अनुचित र प्रभावरहित लागेमा सदस्य राष्ट्रलाई आवश्यकता अनुसार मापदण्ड तोक्नसक्ने अधिकार दिएको छ। WTO ले सदस्य राष्ट्रहरूलाई व्यापारमा अवरोध खडा नहुने गरि निम्नलिखित उद्देश्यहरूका लागि प्राविधिक अवरोध लागू गर्नसक्ने व्यवस्था गरेको छः

- राष्ट्रिय सुरक्षाको आवश्यकता अनुसार
- व्यावसायिक ठगी निरुत्साहित गर्न
- मानव स्वास्थ्य र सुरक्षाका लागि
- पशु, वनस्पति स्वास्थ्य र सुरक्षाका निमित्त
- वातावरण संरक्षणका लागि

TBT सम्झौताको कार्यान्वयनमा पनि WTO का सदस्य राष्ट्रहरूले भेदभावरहित र राष्ट्रिय व्यवहारका सिद्धान्तहरूको पालना गर्नुपर्दछ। त्यसै गरी SPS सम्झौतामा झैं गुणस्तर र मापदण्डमा एकरूपता ल्याउने प्रयास गर्दै TBT सम्झौता अन्तर्गत पनि WTO ले सदस्य राष्ट्रहरूलाई International Organisation for Standardisation (ISO), International Electrotechnical Commission (IEC) र International Telecommunications Union (ITU) जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरू लागू गर्न प्रेरित गरेको छ। कुनै पनि सदस्य राष्ट्रले आफ्नो नीति-नियम लागू गर्दा अरू राष्ट्रको व्यापारमा असर पर्नसक्ने अवस्थामा सोबारे अन्य सदस्यहरूलाई अग्रीम जानकारी दिनुपर्दछ। यसका लागि राष्ट्रिय सूचना केन्द्रको स्थापना अनिवार्य गरिएको छ। TBT लागू हुने वस्तुहरूमा विशेष गरी मेशिनरी, उपभोग्य सामग्री, कच्चा पदार्थ र कृषि सामग्रीजस्ता वस्तुहरू पर्दछन्। यस सम्झौताले उत्पादनको गुणस्तरबाहेक उत्पादन प्रक्रियाले गुणस्तरमा प्रभाव पर्ने भए प्रक्रियासम्बन्धी मापदण्ड लागू गर्ने स्वतन्त्रता पनि दिएको छ र वातावरणमा उत्पादनको प्रभावसँग समेत सरोकार राख्दछ। कुनै पनि राष्ट्रले वस्तु निर्यातको क्रममा गरेको परीक्षण र निरीक्षणको मान्यता अन्य राष्ट्रहरूको भन्दा भिन्न भएर कठिनाइ हुनसक्दछ। त्यसैकारण निर्यातकले स्वदेशमा गरेका ‘confirmity assessment test’ यदि आयातक राष्ट्रको आफ्नो नियमहरू वा मापदण्डभित्र पर्दछ भने त्यस किसिमका परीक्षणलाई मान्यता दिन समेत TBT सम्झौताले सदस्य राष्ट्रहरूलाई आग्रह गरेको छ।

TBT सम्झौता अनुसार सबै राष्ट्रहरूले मापदण्डको तयारी, अनुसरण वा लागू गर्दा असल आचरणको अभ्यास (code of good practice) अँगाल्न पर्दछ। SPS मा झैं TBT मा पनि विकासोन्मुख एवं अतिकम विकसित राष्ट्रहरूमा कार्यान्वयनको कठिनाइ हुने हुँदा प्राविधिक सहायताका लागि पनि विकसित राष्ट्रहरूलाई WTO ले आग्रह गरेको छ।

**SPS लागू हुने वस्तुहरू**

- ताजा अन्न, फलफुल तथा तरकारीहरू
- मासु तथा मासुजन्य उत्पादनहरू
- दूध तथा दूधका परिकारहरू
- प्रशोधित खाद्यवस्तुहरू

**TBT लागू हुने वस्तुहरू**

- मेशिनरी तथा उपकरणहरू
  विद्युतीय उपकरण, धातु र काठका ज्यावल, मेडिकल उपकरण, खाद्य प्रशोधनमा प्रयोग गरिने उपकरण
- उपभोग्य वस्तुहरू
  औषधि, शृङ्गारका सामग्री (कस्मेटिक्स), घरेलु विद्युतीय सामग्री, टेलिभिजन, भिडिओ, सवारी साधन, खेलौना
- कच्चा पदार्थ र अन्य कृषि सामग्रीहरू
- मलखाद, किटनाशक औषधि, र रसायन

## नेपालको सन्दर्भ

प्राविधिक एवं गुणस्तरसम्बन्धी मापदण्डका कारण गुणस्तरीय वस्तुहरूको मात्र आयात गर्न सकिने र मानव, पशु एवं वनस्पति आदिको स्वास्थ्यमा नकारात्मक असर पर्ने अवस्थामा त्यस्तो आयातमाथि प्रतिबन्धसमेत लगाउन सकिने कारण नेपालका उपभोक्ताहरू लाभान्वित हुने देखिन्छ। गुणस्तरीय खाद्य एवं उपभोग्य वस्तुहरूको उपभोगका कारण नेपालीहरूको जीवनस्तर र स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

तर नेपालजस्तो गरिब राष्ट्रलाई स्रोत र साधनको अभावका कारण अन्तर्राष्ट्रियस्तरको मापदण्ड लागू गर्न निकै कठिन पर्छ। चेक पोष्टहरूमा पनि स्तरीय प्रयोगशालाहरूको कमी र वैज्ञानिक क्षमताको अभावका कारण विदेशबाट कम गुणस्तरको वस्तुहरू नेपाल भित्रनसक्ने सम्भावना बढी छ, जसको प्रतिकूल असर नेपालीहरूको जन-जीवनमा पर्नसक्छ।

यसै गरी कतिपय विदेशी आयातकहरूले तोकेको मापदण्डहरूको स्तर हाम्रो उत्पादनहरूको स्तर भन्दा निकै माथि हुनाले निर्यात पनि प्रभावित हुनसक्ने सम्भावना छ। हाम्रो निर्यातको ठूलो अंश कृषिमा आधारित वस्तुहरू भएको र कृषकहरू तथा साना र मझौला उद्योगीहरूमा यस्ता मापदण्ड र गुणस्तरसम्बन्धी ज्ञान र चेतनाको अभावका कारण अन्तर्राष्ट्रिय गुणस्तरको उत्पादन विदेशी बजारसम्म निर्यात गर्न कठिनाई परिरहेको छ।

## SPS सम्झौता

नेपालमा स्वास्थ्य एवं जनसङ्ख्या मन्त्रालय अन्तर्गतको औषधि व्यवस्था विभागले औषधिसम्बन्धी र कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको खाद्य, प्रविधि तथा गुणस्तर विभागले गुणस्तर र मापदण्ड निर्धारण गरी SPS सम्झौता लागू गर्ने अभिभारा पाएको छ।

मानव, पशु, एवं वनस्पति स्वास्थ्य रक्षाको निम्ति विभिन्न नियम, ऐनहरू विधमान छन्। बिरुवा संरक्षण ऐन (१९७२), दाना पदार्थ ऐन (१९६३) तथा सङ्क्रमक रोग ऐन, २०२० जस्ता ऐनहरूले सङ्क्रामक रोग बोकेका पशु तथा खाद्यान्न इत्यादिको प्रवेशमा रोक लगाउन सक्दछ। खाद्य वस्तुको गुणस्तर नियन्त्रण गर्न खाद्य ऐन (१९६७), खाद्य नियम (१९७०) जस्ता ऐन, नियमहरू लागू गरिएका छन्। जीवनाशक विषादी ऐन (१९९१) ले जीवनाशक विषादीको आयात-निर्यातलाई व्यवस्थित गर्दछ। यसै गरी औषधि ऐन (१९७८), औषधि नीति (१९९५) जस्ता ऐनहरूले औषधिको गुणस्तर, आयात, बिक्री-वितरणलाई नियन्त्रण गर्दछन्।

नेपालले Codex, OIE जस्ता अन्तर्राष्ट्रिय गुणस्तर निर्धारण गर्ने संस्थाहरूको सदस्यता लिइसकेको छ भने IPPC को सदस्यता अनुमोदन गर्न बाँकी छ। खाद्य प्रविधि तथा गुणस्तर विभागलाई नेपालको SPS सोधपुछ केन्द्रको रूपमा तोकिएको छ। विभिन्न ऐनहरूको संशोधन, नीतिगत एवं प्राविधिक व्यवस्थापन सुदृढ गर्दै सन् २००६ को अन्त्यसम्म पूर्णरूपमा SPS सम्झौता लागू गर्ने प्रतिवद्धता नेपालले WTO को सदस्यता लिने क्रममा गरेको छ।

## TBT सम्झौता

नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन (१९८०) अन्तर्गत गठित नेपाल गुणस्तर परिषदले गुणस्तर एवं मापदण्ड निर्धारण गर्दछ। यसमा रहेको प्राविधिक समितिले अन्तर्राष्ट्रिय स्तरसँग मिल्दो राष्ट्रिय आवश्यकता अनुरूपको गुणस्तर र मापदण्ड लागू गर्दछ। कुनै वस्तुसँग मिल्दो अन्तर्राष्ट्रिय गुणस्तर नभएको खण्डमा नेपाल गुणस्तर तथा नापतौल विभागले नै राष्ट्रिय आवश्यकता अनुसारको स्तर तय गर्दछ। हाल नेपालमा कुल १ सय ११ संस्थाका पोलिथिन पाइप, खाद्य सामग्रीमा बिस्कुट, बियर, चाउचाउ जस्ता ३२ प्रकारका वस्तुलाई गुणस्तर प्रमाण चिन्ह प्रदान गरिएको छ।

नेपाल गुणस्तर तथा नापतौल विभाग, नेपालमा गुणस्तरको निर्णय गर्ने आधिकारिक संस्था हो। TBT सम्बन्धी सूचना केन्द्रको रूपमा कार्य गर्न पनि यसैलाई जिम्मा दिइएको छ। नेपालले तेस्रो मुलुकबाट दिइएको प्रमाणपत्रहरूलाई मान्यता दिएको छैन। नेपालमा कच्चा ऊन, सिमेण्ट, फलामे छड, मिनरल वाटर, ब्याट्री, खाना पकाउने ग्याँस सिलिण्डरजस्ता थोरै वस्तुहरूमा मात्र गुणस्तर मापदण्ड लागू गरिएको छ।

WTO को सदस्यताको क्रममा नेपालले २००६ को अन्त्यसम्ममा TBT सम्बन्धित ऐनहरूको संशोधनका साथै यसका प्राविधिक र कार्यान्वयन पक्षलाई समयबद्ध रूपमा लागू गर्ने प्रतिवद्धता जनाएको छ। यसका निमित्त नेपालले आवश्यक पूर्वाधार लगायत चेतना एवं क्षमता अभिवृद्धि गरी मानव संसाधन विकास गर्न जरुरी देखिन्छ। ■

*लेखक सावतीसँग आवद्ध हुनुहुन्छ।*

# रेमिटेन्स् र नेपाली अर्थतन्त्र

**रेमिटेन्स्ले विदेशी मुद्राको सञ्चिति गरी देशको आर्थिक क्षेत्रलाई टेवा दिनुका अलावा गरिबी उन्मूलनमा सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ ।**

■ निरज श्रेष्ठ

**रेमिटेन्स्ले** विश्वका विकासोन्मुख तथा अतिकम विकसित राष्ट्रहरूको अर्थतन्त्रमा निकै महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । सन् २००४ मा विश्वका विभिन्न राष्ट्रहरूले रेमिटेन्स्को रूपमा प्राप्त गरेको २ सय ३२ विलियन अमेरिकी डलरमध्ये १ सय ६७ विलियन अमेरिकी डलर विकासोन्मुख राष्ट्रहरूले मात्र प्राप्त गरेको थियो । नेपाल लगायत दक्षिण एसियाका भारत, बंगलादेश, पाकिस्तान र श्रीलङ्का रेमिटेन्स् प्राप्त गर्ने विश्वका २० प्रमुख राष्ट्रहरूमध्ये पर्दछन् । त्यसमध्ये पनि भारत विश्वकै सबै भन्दा बढी रेमिटेन्स् प्राप्त गर्ने राष्ट्र हो । यसरी विश्वभरि आर्थिक वृद्धि, गरिबी निवारणमा रेमिटेन्स्को महत्व बढ्दै गएको परिप्रेक्ष्यमा नेपाली अर्थतन्त्रमा पनि यसको महत्त्व बढेको छ ।

नेपालीहरू कामको खोजीमा विदेश (भारत) जाने परिपाटी भारतमा ब्रिटिश सरकार भएको बेलादेखि बढ्न थालेको हो । भारतमा मात्रै सेना, सरकारी एवं निजी क्षेत्रको रोजगारीमा १० लाखभन्दा बढी नेपालीहरू कार्यरत रहिआएको अनुमान छ । अहिले भारतबाहेक अरू देशमा पनि बढ्दो सङ्ख्यामा नेपालीहरू विदेशिन थालेका हुन् । त्यसमाथि १९९५ देखि चलेको आन्तरिक द्वन्द्वबाट बच्न एवं नेपालमा रोजगारीको अवसरको अभावका कारण लाखौं नेपालीहरू विदेशिन बाध्य भएका हुन् । भारतबाहेक खाडी राष्ट्रहरू, मलेसिया, जापान, हङकङ एवं दक्षिण कोरियामा ७ लाखभन्दा बढी नेपालीहरू रोजगारीका लागि गएको अनुमान गरिएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार १९९५/९६ मा नेपालले करीब १० करोड अमेरिकी डलर रेमिटेन्स्को रूपमा प्राप्त गरेको थियो । २००४/०५ मा सो रकम ९ गुणाले वृद्धि भई ९० करोड ८० लाख अमेरिकी डलर पुगेको छ । कूल गार्हस्थ्य उत्पादनको प्रतिशतको आधारमा हेर्दा रेमिटेन्स्को अंश १० वर्षको अन्तरालमा ०.५ प्रतिशतबाट १२ प्रतिशत पुगेको देखिन्छ । सोही तथ्याङ्क अनुसार २००४/०५ मा नेपालले प्राप्त गरेको कूल रेमिटेन्स् सोही वर्ष निर्यातबाट प्राप्त ८२ करोड ५० लाख र १७ करोड ५० लाख अमेरिकी डलरको वैदेशिक सहायताभन्दा बढी रहेको पाइएको छ । भारतमा काम गर्ने नेपालीहरूको सङ्ख्या बढी भए तापनि आफ्नो परिवारसमेत लैजाने, तलब थोरै हुने र पैसा पठाउँदासमेत अनौपचारिक माध्यमको प्रयोग हुने कारणले भारतबाट भित्रिने रेमिटेन्स्को मात्रामा भने यकिनसमेत गर्न गाह्रो छ । नेपाल जीवनस्तर सर्वेक्षण २००३/०४ (दोस्रो) अनुसार लगभग ६ प्रतिशत रेमिटेन्स् मात्र प्रत्यक्ष रूपमा बैङ्किङ क्षेत्रबाट भित्रने गरेको पाइएको छ । बाँकी हुण्डीको प्रयोगबाट २ प्रतिशत, आफैले वा अन्य व्यक्तिले ७८ प्रतिशत र १४ प्रतिशत अन्य स्रोतबाट प्राप्त हुने गरेको सर्वेक्षणले देखाएको छ । यी आँकडाहरूलाई हेर्ने हो भने अप्रत्यक्ष रूपमा भित्रने रेमिटेन्स्लाई समेत जोड्दा कूल रेमिटेन्स्को मात्रा अझै बढी हुनसक्ने सजिलै अनुमान लगाउन सकिन्छ । रेमिटेन्स्ले विदेशी मुद्राको सञ्चिति गरी देशको आर्थिक क्षेत्रलाई टेवा दिनुका अलावा गरिबी उन्मूलनमा सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ । २००३/०४ को नेपाल जीवनस्तर सर्वेक्षण अनुसार करीब ३१ प्रतिशत नेपाली जनता गरिबीको रेखामुनि रहेको देखिन्छ । यसअघिको सर्वेक्षण (१९९५/९६) मा यो मात्रा ४२ प्रतिशत रहेको थियो । दुई सर्वेक्षणको अन्तरालमा ११ प्रतिशतले गरिबी घट्नुको एक प्रमुख कारणको रूपमा विदेशमा काम गर्न गएका नेपालीहरूबाट प्राप्त रेमिटेन्स्लाई मानिएको छ । १९९५/९६ को सर्वेक्षण अनुसार पारिवारिक आम्दानीमा रेमिटेन्स्को अंश जम्मा ६ प्रतिशत रहेको थियो भने २००३/०४ को सर्वेक्षणमा यसको अंश वृद्धि भई आयको १० प्रतिशतसम्म पुगेको पाइएको छ ।




रेमिटेन्स्ले नेपालीहरूको पारिवारिक उपभोग खर्च बढाउनमा सकारात्मक योगदान गर्दै आएको कुरामा दुईमत नहोला । तर रेमिटेन्स्बाट प्राप्त आय बढी अनुत्पादक क्षेत्रमा खर्च हुने हुँदा राष्ट्रको दिगो आर्थिक विकासमा खासै सकारात्मक भूमिका निर्वाह गर्न नसक्ने अवस्था सिर्जना हुन सक्दछ । ग्रामीण क्षेत्रका कम शिक्षित र कम आय भएका व्यक्तिहरू प्राय वैदेशिक रोजगारका लागि जाने हुँदा रेमिटेन्स् प्राय सीधै ग्रामीण क्षेत्रमा प्रवाहित हुनेगरेको पाइन्छ । तर यस्तो आय पुरानो ऋण तिर्न, जग्गा खरिद गर्न, नयाँ घर निर्माण गर्न, उपभोग्य वस्तुहरूको खरिद, शिक्षा, स्वास्थ्य र चाडपर्व मनाउन बढी खर्च गरिने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन् । शिक्षा र स्वास्थ्यबाहेक अन्य अनुत्पादक क्षेत्रमा हुने खर्चलाई निरुत्साहित गरेर रेमिटेन्स्मार्फत् प्राप्त आय र विदेशबाट फर्केकाहरूको सीपको सदुपयोग गर्न उत्पादनमूलक औद्योगिक क्षेत्रमा लगानी विस्तार गर्ने वातावरण सिर्जना गर्नु, तथा बैङ्किङ सेवालाई प्रभावकारी पार्दै अनाधिकृत रूपबाट भित्रने रेमिटेन्स्लाई बैङ्किङ क्षेत्रबाट प्रवाह गर्नु आजको प्रमुख चुनौती बनेको छ ।

वैदेशिक रोजगारमा जाने प्राय नेपालीहरूको शिक्षा र चेतनाका अभावका कारण म्यानपावर एजेन्सीबाट ठगिने, राम्रो काम नपाइने र कम तलबमा काम गर्नुपर्ने अवस्था यथावत् छ । कामदारहरूलाई यसप्रकारको ठगी र शोषणबाट बचाउन सरकारले कानूनी रूपमा पहल गर्न जरुरी छ । त्यसका अलावा नेपालीहरू कार्यरत राष्ट्रहरूमा उनीहरूको सुविधा, सुरक्षा र समस्या समाधान गर्ने उपयुक्त व्यवस्था मिलाउन कूटनीतिक पहल पनि उत्तिकै जरुरी छ ।

नेपालको आर्थिक अवस्था र रोजगारीको अभावका कारण लाखौं नेपाली युवा श्रम-शक्ति काम खोज्ने क्रममा विदेश जानथालेका हुन् । रेमिटेन्स्ले जीविकोपार्जन, गरिबी निवारण र समग्र अर्थतन्त्रमा पारेको प्रभावका कारण यो क्षेत्रलाई सरकारले विशेष प्राथमिकताका साथ हेर्नुपर्ने आवश्यकता देखिएको छ । नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरिसकेको अवस्थामा सरकारको यस क्षेत्रप्रतिको नीति स्पष्ट हुनु नितान्त आवश्यक छ । देशबाट अदक्ष श्रम-शक्तिको निर्यात गर्ने नै हो भने अहिले अनुमति प्राप्त राष्ट्रहरू बाहेक अन्य विकसित राष्ट्रहरूमा समेत काम गर्न पाउने व्यवस्था मिलाउन सरकारले कूटनीतिक पहल गरी बजार पहुँच सुनिश्चित गर्नुपर्छ । विश्व व्यापार संगठनको सम्झौतामध्ये सेवा व्यापारसम्बन्धी साधारण सम्झौता (ग्याट्स) को सेवापूर्तिको किसिम अन्तर्गत मोड ४ (Mode 4) मा अन्य राष्ट्रमा छोटो समयका लागि काम गर्न अवरोध खडा नगर्ने व्यवस्था मिलाइएको छ । तर यसले अहिलेसम्म दक्ष कामदारहरूको आवत-जावतलाई मात्र ध्यान दिएको छ । विकासोन्मुख राष्ट्रहरूले भने विकसित राष्ट्रहरूलाई आफ्ना अदक्ष कामदारलाई काम गर्न दिने व्यवस्था गर्न माग गर्दै आएका छन् । नेपालले पनि रेमिटेन्स्को योगदानलाई अझ प्रभावकारी पार्न अन्य विकासोन्मुख राष्ट्रहरूसँग मिलेर दक्षलगायत अदक्ष कामदारहरूले समेत विकसित राष्ट्रहरूमा सहज रूपमा काम गर्न पाउने विषयमा जोड दिन आवश्यक छ । ■

# द्वन्द्व र अर्थतन्त्र

**द्वन्द्वले अर्थतन्त्रमा नकारात्मक असर पार्ने तथ्यलाई मध्यनजर गर्दा अहिले शान्ति–सम्झौतामा हस्ताक्षर भएपछि नेपालीहरू निकै आशावादी देखिन्छन् ।**

■ रतिस बस्न्यात

**आज** हामी शान्तितर्फ लम्किरहेका छौं तर विगत १० वर्षमा विभिन्न कारण देखाई गरिएका भिडन्त, बन्द, नाकाबन्दी, हड्ताल, चक्काजामले गर्दा जुन असर सयौं उद्योगहरूमा पऱ्यो, त्यसबारेमा लेखाजोखा गर्नु पनि आवश्यक छ । द्वन्द्वले कुनै पनि अर्थतन्त्रमा सकारात्मक असर परेको पाइएको छैन । नेपालमा पनि द्वन्द्वका कारण देशले अर्बौंको नोक्सानी भोगिसकेको छ । अहिलेसम्मको आँकडा हेर्ने हो भने ४०० लाख अमेरिकी डलरभन्दा बढीको भौतिक पूर्वाधारहरू नष्ट भएका छन् भने १३,००० भन्दा बढी सर्वसाधारण जनताले ज्यान गुमाएका छन् । यस द्वन्द्वले हाम्रो सामाजिक, आर्थिक क्षेत्रमा मात्र नभई मानिसहरूको मनोविज्ञानमा समेत नकारात्मक प्रभाव पारेको छ । द्वन्द्वका नाममा भएका क्रियाकलापहरूले लाखौं मानिसलाई विस्थापित गरेको छ । यी सबै कारणहरूले गर्दा हाम्रो देशलाई १० औं वर्ष पछाडि घचेटेको छ ।

केही समय अगाडिसम्म आक्रमण भएको खबर, लाखौं बराबरको धनमाल क्षति भएको खबर, ठाउँ-ठाउँमा विष्फोट भएको, करौडौंको क्षति भएको, कारखाना पूर्णरूपमा ध्वस्त भएको, कैयौं घाइते भएको, कतिले ज्यान गुमाएको साथै हजारौं मजदुर कर्मचारी विचल्लीमा परेको खबरहरू हाम्रो दैनिक जीवनमा सामान्य समाचार भइसकेको थियो । यस्ता दिन पनि थिए, जब गोली लागि घाइते भएको सुन्दा पनि हामी त्रसित हुन्थ्यौं र यस्ता दिन पनि आए, जब समाचारमा दोहोरो भिडन्तको खबर सुन्दा कतिजनाको मृत्यु भएछ भन्ने कुरामा बढी चासो राख्न थालेका थियौं ।

साधारणतया स्वच्छ वैचारिक द्वन्द्व हुनु द्वन्द्वरत पक्ष तथा यसका सरोकारवालाहरूको निमित्त राम्रो मानिन्छ । यसबाट सिर्जना हुने विभिन्न विकल्पले हामीलाई उचित मार्गनिर्देश गर्दछ । तर दुर्भाग्यवश हामीकहाँ त्यस्तो नभएर भयावह अवस्थाको सिर्जना भयो । द्वन्द्वरत पक्षले सबैको भलो हुने किसिमको विकल्प रोज्नुको सट्टा केही स्वार्थपूर्ण ढङ्गले आफूलाई सजिलो हुने किसिमको विकल्प रोजेको देखियो । द्वन्द्व र कलहले बढी प्राथमिकता पायो । तर अब शान्तिपूर्ण वातावरणमा नेपालीहरू अगाडि बढ्नुपर्दछ । अब हामीले आफ्नो स्वार्थलाई त्यागेर समस्त देशको हितमा काम गर्ने अठोट गर्नुपर्ने बेला भएको छ । आफ्नो माग अगाडि राख्दा अरूलाई नोक्सान नपुग्ने गरी र उचित समय हेर्नुपर्ने हुन्छ । अहिले लोकतन्त्रको स्थापना भएको तथ्यलाई मध्यनजर गर्ने हो भने द्वन्द्वले नेपालीहरूलाई फाइदा नै पुगेको हो भन्ने लाग्दछ तर द्वन्द्वको क्रममा धेरै नेपालीले दुःख, कष्ट भोग्नुपरेको थियो ।

लाखौं मानिस द्वन्द्वका कारण विस्थापित भएका छन् । द्वन्द्व सकेर हामी लोकतान्त्रिक बाटोमा लम्कँदा समेत यी विस्थापितहरूका लागि घर फर्कने बाटो खुलेको छैन । अन्योलको स्थिति कायम रहँदा दुर्गम क्षेत्रबाट केन्द्रमा र देशबाट विदेशमा विशेष गरी भारत, मलेसिया, दक्षिण कोरियामा मानिसहरू पलायनको क्रम जारी नै छ । अझै पनि सर्वसाधारणमा विश्वासको वातावरण तयार हुन सकिरहेको छैन । सेप्टेम्बर २००४ को एसियाली विकास बैंकको एक प्रतिवेदनमा करीब ३ देखि ४ लाख ग्रामीण परिवार यस द्वन्द्वका कारण विस्थापित भएको उल्लेख गरिएको छ । यसरी विस्थापित हुने क्रममा हजारौं मानिस विदेशमा काम गर्न पुगेका छन् र तिनीहरूले




नै पठाएको रेमिटेन्स् अहिले हाम्रो देशको अर्थतन्त्रको महत्त्वपूर्ण पक्ष हुनपुगेको छ । यसरी एकातिर कामको खोजीमा विदेशिएका लाखौं मानिसले वर्सेनि लाखौं डलर देशमा पठाइरहेका छन् भने अर्कोतर्फ केही हदसम्म हाम्रो रोजगारीको चाप पनि कम भएको छ । तर यसरी कति बेलासम्म धान्ने ?

द्वन्द्वबाट प्रत्यक्ष अप्रत्यक्ष रूपमा अत्यन्तै पीडित क्षेत्रमध्ये देशको पर्यटन क्षेत्र पनि एक हो । पर्यटन सम्बन्धी सेवा तथा वस्तुहरूको बेचबिखनबाट दरिँदै गएको अर्थतन्त्र हाल नराम्रो चपेटामा परेको छ । सन् १९९९ मा झण्डै ५ लाख पर्यटक नेपाल भित्रिएकोमा अहिले साढे ३ लाख पुग्न पनि हम्मे छ । यसरी पर्यटकको सङ्ख्यामा कमी आएकोले यससँग सम्बन्धित होटल लगायत उद्योग व्यवसायहरू प्रत्यक्ष रूपले मारमा परेका छन् भने अप्रत्यक्ष रूपमा देशको अर्थतन्त्रमा नै नकारात्मक प्रभाव परेको छ । अबका दिनमा हामीले सङ्ख्याको साथै गुणस्तरीय पर्यटकलाई देश भित्र्याउन सकेनौं भने देशको मेरुदण्ड नै भाँचिनसक्छ । तर अहिले पर्यटन क्षेत्रमा केही सुधार आइसकेको छ ।

त्यस्तै द्वन्द्वका कारण रोजगारीमूलक वैदेशिक लगानीमा पनि ह्रास आएको छ । सन् २०४८/४९ मा करीब ३०८३.६७ मिलियन बराबरको वैदेशिक लगानी आएकोमा सो घटेर २०६१/६२ मा जम्मा ५७१.०२ मिलियन मात्र आएको थियो । नेपाल शान्तितर्फ अग्रसर भएको कारण अन्य राष्ट्रहरूले नेपालमा गर्ने लगानी बढ्नसक्ने अनुमान गरिएको छ । यसले अर्थतन्त्रलाई सकारात्मक प्रभाव पर्नेछ ।

सुरक्षा खर्च बढ्नका कारण विगत केही वर्षमा हाम्रो देशको साधारण खर्च एकदमै बढेको छ । त्यसैले हाम्रो विकास खर्चमा ह्रास पनि आएको छ । वैदेशिक ऋण सहायता हाम्रो विकास खर्चको ५० प्रतिशतभन्दा बढी हुन आउँछ र सोमा गिरावट आएकोले पनि यस्तो हुन गएको हो । यसरी उत्पादनमूलक क्षेत्रमा लगानीको कमी र अनुत्पादक क्षेत्रमा लगानी बढिरहेको कारण आउने दिनहरूमा यसले प्रतिकूल असर पार्ने निश्चित छ ।

सन् १९९० को शुरुवातमा हाम्रो आर्थिक वृद्धिदर ५ प्रतिशतको हाराहारीमा पुगेको थियो । तर द्वन्द्व बढ्दै गएपछि यो वृद्धिदर घट्दै गएको छ र नयाँ शताब्दीको शुरुवातमा त झन् ऋणात्मक नै हुन पुग्यो । अबका दिनमा वृद्धिदर केहरु बढ्नेछ कि भनेर कतिपय विशेषज्ञले आशा गरेका छन् । विश्व व्यापार संगठन तथा क्षेत्रीय व्यापार संगठनमा नेपालले प्रवेश गरेपछि विशेष गरी नेपाली उद्योगी व्यापारीहरूले अनेकौं अवसर तथा चुनौतीहरूको सामना गर्नुपरेको छ । यही क्रम जारी रहेमा चुनौती कम गर्ने कुरा त परै जाओस् अवसरलाई समेत हाम्रो हातबाट गुमाउनु पर्ने अवस्था आउन सक्दछ । एकातिरको विश्व बजारमा आफ्ना क्षमताको साथसाथै वस्तुको गुणस्तर अभिवृद्धि गर्नुपर्ने चुनौती छ भने अर्कोतिर द्वन्द्वका कारण हाम्रो लागत दोब्बर, तेब्बर हुँदै गइरहेको थियो । यस्तो स्थितिमा उद्योगधन्दा अगाडि बढाउन निकै कठिन हुन्छ । अहिले प्रत्यक्ष द्वन्द्वको अवस्था नरहे तापनि उद्योगहरूका लागि त्यति सकारात्मक वातावरण छैन । जोखिमपूर्ण अवस्थामा पनि जुन किसिमबाट उद्योगी व्यापारीहरूले देशको कुनाकुनासम्म आफ्नो सेवा पुऱ्याइरहेका छन्, सो कार्य अत्यन्तै सराहनीय छ ।

द्वन्द्व प्रायः सबैको निम्ति नराम्रो पक्ष भए पनि केही मुट्ठीभरका तत्वहरूका लागि फलदायी हुनसक्छ । तर बहुसङ्ख्यक मानिसहरूका लागि भने यो अभिशाप नै बन्न पुग्दछ । अब चाँडै नै दिगो शान्तिको वातावरण तयार पारेर, आफ्नो क्षणिक स्वार्थलाई त्यागेर जनताको हक, हित र अधिकारलाई सही रूपमा उनीहरूमा पुऱ्याउनु पर्ने आजको आवश्यकता हो । यति नभएसम्म देशको अर्थतन्त्रले गति लिन सक्दैन । ■

*लेखक नेपाल उद्योग वाणिज्य महासंघसँग आबद्ध हुनुहुन्छ ।*

# मानव, पशु र वनस्पति स्वास्थ्य तथा व्यापारमा प्राविधिक अवरोधसम्बन्धी सम्झौताहरू




**सावती** र एक्सनएड नेपालले संयुक्त रूपमा २३ साउन २०६३ मा Globalisation and WTO अन्तर्गतको उन्नाईसौं द्वैमासिक छलफल कार्यक्रममा '**विश्व व्यापार संगठनको मानव, पशु र वनस्पति स्वास्थ्य तथा व्यापारमा प्राविधिक अवरोधसम्बन्धी सम्झौताः कार्यान्वयन र चुनौती**' विषयक कार्यक्रमको आयोजना गऱ्यो। सन् २००६ को अन्त्यसम्म नेपालमा विद्यमान नियम कानूनलाई मानव, पशु र वनस्पति स्वास्थ्य तथा व्यापारमा प्राविधिक अवरोधसम्बन्धी सम्झौता अनुरूप बनाउनुपर्ने पृष्ठभूमिमा सो कार्यक्रमको आवश्यकता महसुस गरिएको हो।

कार्यक्रमको शुरुमा सावतीका कार्यकारी निर्देशक श्री नविन दाहालले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो। सो कार्यक्रममा वरिष्ठ कृषि अर्थशास्त्री डा. कृष्णप्रसाद पन्तद्वारा तयार पारिएको मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता तथा अधिवक्ताद्वय सज्जनवरसिंह थापा र मेघराज पोखरेलद्वारा तयार पारिएको व्यापारमा प्राविधिक अवरोधसम्बन्धी सम्झौता शीर्षकको प्रतिवेदनहरू प्रस्तुत गरिएको थियो। यी प्रतिवेदनहरूमाथि खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभागका पूर्व महानिर्देशक डा. टीकाबहादुर कार्की र पूर्व कृषि सचिव तथा गुणस्तर विज्ञ श्री पूर्णप्रसाद मानन्धरले टिप्पणी गर्नुभएको थियो।

कार्यक्रमको प्रमुख अतिथिको रूपमा आफ्नो मन्तव्य राख्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री भरतबहादुर थापाले विश्व व्यापार संगठनका सम्झौता अनुरूप देशका नियम कानूनलाई परिमार्जन गर्ने विषयमा सरकार गम्भीरताका साथ लागिरहेको बताउनु भयो।

कार्यक्रमको अध्यक्षता गर्नुहुने सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले मानव, पशु र वनस्पति स्वास्थ्य तथा व्यापारका प्राविधिक अवरोधसँग सम्बन्धित विद्यमान नियम-कानूनमा कस्तो परिवर्तन र परिमार्जन आवश्यक छ, सो विषयमा सबै पक्षको ध्यान केन्द्रित रहनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो।

सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, वकिल समूह तथा अन्य विद्वत् वर्गको उपस्थिति रहेको उक्त छलफल कार्यक्रमको अन्त्यमा सावतीका लागि विशेषज्ञहरूले तयार पारेको उल्लेखित प्रतिवेदनहरू उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई हस्तान्तरण गरिएको थियो। ■

## व्यापारका लागि अनुदान प्राथमिकताहरूको पहिचान

२०६३ भदौ २७ गते सावती र एक्सनएड नेपालले संयुक्त रूपमा Globalisation and WTO अन्तर्गत २० औं द्वैमासिक छलफल कार्यक्रमको आयोजना गऱ्यो। "व्यापारको लागि अनुदानः नेपालको प्राथमिकताहरूको पहिचान" विषयक सो कार्यक्रममा बोल्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री प्रचण्डमान श्रेष्ठले अल्पविकसित राष्ट्रहरूले व्यापारका लागि दिइने अनुदानले कुन क्षेत्र समेट्ने, त्यसको वितरण प्रणाली तथा अनुदान दिँदा शर्तहरू लगाइने वा नलगाइने महत्त्वपूर्ण चुनौतीको विषय रहेको धारणा राख्नुभयो। त्यस्तै कृषि तथा सहकारी मन्त्रालयका सहसचिव श्री कृष्णबहादुर श्रेष्ठले कृषि क्षेत्र महत्त्वपूर्ण भएकोले व्यापारका लागि आउने अनुदान कृषि क्षेत्रको संस्थागत विकासजस्तै क्वारेन्टाइन चेकपोष्ट, ल्याब निर्माण तथा श्रमिकको क्षमता अभिवृद्धितिर प्रयोग गरिनुपर्ने धारणा राख्नु भयो। त्यस्तै कार्यक्रमको अर्को छलफलकर्ता औषधि व्यवस्थापन विभागका महानिर्देशक, श्री भुपेन्द्रबहादुर थापाले स्वास्थ्य क्षेत्र तथा शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव श्री लवप्रसाद त्रिपाठीले शैक्षिक तथा पर्यटन क्षेत्र महत्त्वपूर्ण भएकाले यी क्षेत्रहरूको विकासमा अनुदानलाई लगाउनु पर्ने धारणा राख्नुभयो। कार्यक्रमका प्रमुख अतिथि तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री भरतबहादुर थापाले क्षमता अभिवृद्धि, मानव संसाधन तथा प्राविधिक विकास गर्नुपर्ने थुप्रै क्षेत्रहरू हुँदाहुँदै पनि हामीले सबैभन्दा बढी महत्त्वपूर्ण क्षेत्रको पहिचान गरी सोही क्षेत्रमा अनुदानको प्रयोग गर्नुपर्ने धारणा राख्नुभयो। कार्यक्रमको अध्यक्ष तथा सावतीका कार्यकारी निर्देशक श्री नविन दाहालले अनुदानको सही उपयोग नभए यसले गरिबी निवारणमा कुनै सहयोग नहुने कुरा प्रष्ट पार्नुभयो। ■

actionaid nepal

एक्सनएड एक अन्तर्राष्ट्रिय विकास संस्था हो। नेपालमा सन् १९८२ देखि कार्यरत एक्सनएड नेपाल अतिगरिब तथा पछाडि पारिएका महिला, पुरूष, बालिका तथा बालकहरुको सशक्तीकरण गरी उनीहरूमार्फत् गरिबी निवारण गर्न समर्पित छ। गरिब तथा पछाडि पारिएका जनताका तत्कालीन समस्याहरू समाधान गर्न यसले स्थलगत रूपमा काम गर्नुका साथै यिनीहरूका पक्षमा नीति तथा व्यवहारहरूलाई प्रभाव पार्ने हेतुले राष्ट्रियस्तरमा विभिन्न जनवकालतका कार्यक्रमहरू गर्दछ।

पोष्ट ब.नं. ६२५७, काठमाडौं, नेपाल, फोनः ४४३६४७७, ४४२१२३२ फ्याक्सः ४४१९७१८, इमेलः mail.nepal@actionaid.org, वेबः www.actionaid.org/nepal

SAWTEE SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावतीको स्थापना १९९४ मा दक्षिण एशियाका गैर-सरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो। सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठन (डब्ल्यूटीओ) सँग सम्बन्धित विषयवस्तुहरूमा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले खडा भएको क्षेत्रीय सञ्जाल हो। दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाहरू सदस्य रहेको सावतीले आर्थिक तथा व्यापारिक नीति-निर्माण प्रक्रियामा स्थानीय सरोकारवालाहरूको सहभागिता हुनुपर्ने विषयमा वकालत गर्दै आएको छ।

पो.ब.नं. १९३६६, २५४ लम्टङीनमार्ग, बालुवाटार, काठमाडौं, नेपाल, फोनः ४४१५८२४, ४४४४४३८, फ्याक्सः ४४४४५७०, ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

यो समाचारपत्र 'रिफर्म एण्ड क्यापासिटी बिल्डिङ एजेण्डा इन द पोष्ट एक्सेसन एरा' कार्यक्रम अन्तर्गत सावती र एक्सनएड नेपालद्वारा प्रकाशित गरिएको हो। सल्लाहकारः नविन दाहाल, कमलेश अधिकारी, सम्पादकः निलु थापा, सम्पादन सहयोगः मिलन उदास, कपिल गौतम, प्रेसः मोर्डन प्रिन्टिङ प्रेस। यसमा प्रकाशित लेखहरूका विचार तथा मान्यता लेखकको हुन्।